## मिति २०७९/०५/२२ गतेको कार्यपालिका बैठकका निर्णयहरु

## कार्यपालिका बैठक संख्या ९६

**बैठकका एजेन्डाहरु :**

१. गत बैठकको समिक्षा गर्ने ।
२. कृषि र गैरकृषि जग्गा बर्गिकरण सम्बन्धमा ।
३. स्वास्थ्य विमा कार्यान्वयन सम्बन्धमा ।
४. स्वास्थ्य संस्था दर्ता कार्यविधि सम्बन्धमा ।
५. जस्ता पाता वितरण कार्यविधि सम्बन्धमा ।
६. खरिद नियमावली संशोधन सम्बन्धमा ।
७. छाडा चौपाया व्यवस्थापन सम्बन्धमा ।
८. मिन्ही डिह जग्गाको कर व्यवस्थापन सम्बन्धमा ।
९. नगरपालिकालाई साक्षर घोषणाको प्रतिवद्धता सम्बन्धमा ।
१०. उपभोक्ता समिति गठन तथा योजना कार्यन्वयन सम्बन्धमा ।
११. समसामायिक विविध ।

**निर्णयहरु**

१. मिति २०७९/०३/२३ गते सम्पन्न भएको कार्यपालिका बैठकबाट भएका निर्णयहरुको कार्यन्वयनको सन्दर्भमा छलफल हुँदा गत बैठकबाट भएका निर्णयहरु पूर्णरुपमा कार्यन्वयन भइ रहेको सहर्ष जानकारी गराइन्छ ।

२. पूर्व कार्यपालिका वैठकवाट हरेक वडाले कृषि क्षेत्र र गैर कृषि क्षेत्र वर्गिकरण गरी पठाउने भनि निर्णय भए अनुसार कार्यान्वयनको लागि वडा कार्यालयमा पत्राचार भइसकेको । विस्तृत अध्ययन गरी प्रत्येक कित्ता कृषि वा अन्य क्षेत्र भनि वर्गिकरण गर्न लामो समय लाग्ने हुदा जनताको कामकाज रोकिएको विषयलाई मध्यनजर गरी तत्कालको लागि हरेक वडाले आफ्नो वडाभित्रका सबै प्रकारका बाटाहरुको पहिचान गरी सो बाटोबाट दाया वाया निश्चित दूरी सम्मका जग्गाहरुलाई गैर कृषि तथा सो बाहेकका अन्य जग्गाहरुलाई कृषि क्षेत्र भनि वर्गिकरण गरी नगरपालिकामा पठाउने ।

३. गत नगरसभावाट कपिलवस्तु नगरपालिका भित्रका वासिन्दाका लागि प्रति परिवारको स्वास्थ्य विमाको लागि लाग्ने वार्षिक दस्तुरको ५० प्रतिशत रकम नगरपालिकाले बेहोर्ने गरी वजेट व्यवस्थापन भएको हुदा सो को कार्यान्वयनको लागि स्वास्थ्य बिमा बोर्ड र सबै वडालाई पत्राचार भइसकेको छ । वडावाट सिफारिस भई स्वास्थ्य विमा बोर्डवाट फर्म भराइएका नागरिकहरुलाई ५ जना सम्म परिवारमा प्रति परिवार रु. १७५०/- का दरले हुन आउने रकम स्वास्थ्य विमा बोर्डले नगरपालिकामा भुक्तानी दावी गरेपछि नगरपालिकाले विल तथा वडाको सोही सिफारिसको आधारमा विनियोजित बजेटवाट भुक्तानी दिने तथा स्वास्थ्य विमा कार्यकमलाइ संयोजन गर्न नगर प्रमुखको अध्यक्षतामा कार्यविधी वमोजिमको संयोजन समिति गठन गर्ने ।

४. सबै नगरवासीलाई स्वास्थ्य विमामा नगरपालिकाले अनुदान दिने नीति अन्तर्गत वाल मन्दिरमा संरक्षणमा रहेका वालवालिकाहरुलाई पनि स्वास्थ्य उपचारमा टेवा पुर्‍याउने उद्देश्यले निजहरुलाई स्वास्थ्य विमा वापत लाग्ने सम्पूर्ण रकम स्वास्थ्य विमा शिर्षकमा विनियोजित रकम वाट खर्च लेख्ने ।

निर्णय प्रमाणित

५. विधेयक समितिबाट सिफारिस भइ आएका तपसिल बमोजिमका कार्यविधि अध्ययन गरी अर्को बैठकमा पेश गर्ने ।

   १. कपिलवस्तु नगरपालिकाको स्वास्थ्य संस्था दर्ता नियमन तथा कार्यन्वयन कार्यविधि २०७९
   २. अपाङ्ग भएका व्यक्तिहरुको परिचयपत्र वितरण कार्यविधि २०७९
   ३. जस्ता पाता वितरण कार्यविधि २०७९ ।

६. कपिलवस्तु नगरपालिकाको सार्वजनिक खरिद नियामावलीमा संघीय नियमावलीमा संशोधन भए बमोजिम संशोधन गर्ने ।

७. विगत केही वर्ष देखि छाडा छाडिएका चौपायाहरुले कृषकको खेतीवाली नोक्सान गर्ने तथा सडक फोहोर बनाई सडक दुर्घटना समेत दिनहु बढी रहेको हुदा छाडा चौपाया व्यवस्थापन गर्न बुद्धभूमि नगरपालिका वडा नं. ९ गब्दहवामा स्थान छनौट भइ सबै पालिकाको लागत सहभागितामा वुद्धभूमी नगरपालिकाले योजना सञ्चालन तथा कार्यान्वयन गर्ने भनि अन्तर पालिका स्तरीय निर्णय भएकोले सो गौशाला निर्माण तथा व्यवस्थापन गर्न लाग्ने कूल रकम मध्ये यस नगरपालिकाले बेर्होनु पर्ने रकम नगरसभाबाट विनियोजित रकमवाट बेहोर्ने गरी बुद्धभूमि नगरपालिकाको खातामा अनुदान हस्तान्तरण गर्ने ।

८. विभिन्न वडाहरुवाट मिन्ही डिह जग्गाको घर कर तिरेको रसिद नापी कार्यालयवाट माग भएको तर त्यस्तो कर लिने व्यवस्था नभएकोले अप्ठ्यारो परेको भनि गुनासो आएको सम्बन्धमा नापी कार्यालयवाट नापी गरी कित्ता छुट्याई वडा कार्यालय पठाइएको विवरणको आधारमा सम्वन्धित वडाले सो घर जग्गाको भोगचलन तथा चार किल्ला सिफारिस उपलब्ध गराए पछि सोही सिफारिस समेतको आधारमा जग्गाको जग्गाधनी पूर्जा उपलब्ध गराइदिन नापी कार्यालय तथा मालपोत कार्यालयलाई अनुरोध गर्ने ।

९. यस नगरपालिकाका वडा नं. ६, ११ र १२ बाहेकका सबै वडा साक्षर घोषणा भइ सकेकोमा जनप्रतिनिधि तथा अन्य सरोकारवालाहरुको तत्परतामा बाकी रहेका वडा नं. ६, ११ १२ लाई साक्षर घोषणा गरी यस कपिलवस्तु नगरपालिकालाई २०७९ मंसिर मसान्त सम्ममा साक्षर नगर घोषणा गर्न प्रतिवद्धता गर्ने ।

१०. यस आर्थिक वर्षमा उपभोक्ताबाट सञ्चालन हुने रु. १० लाख सम्मका योजनाहरु सम्पन्न गर्न तत् तत् वडा कार्यालयले उपभोक्ता समिति गठन गरी पठाउने तथा खरिद योजना स्वीकृत गर्ने र ठेक्का बन्दोवस्त गर्ने योजनाहरुको अविलम्ब लगत इष्टिमेट तयार गरी ठेक्का बन्दोवस्तको प्रक्रिया अगाडी बढाउन योजना तथा पूर्वाधार शाखालाई निर्देशन दिने ।

११. समसामायिक विविध निर्णयहरु

   १. स्थानीय तह सामाजिक सुरक्षा भत्ता वितरण बैंकिङ्ग समस्या समाधान तथा सहजिकरण समितिका सदस्यमा कार्यपालिकाका सदस्य श्री रामदास चमार तथा श्री चन्दा कुर्मी लाई मनोनयन गर्ने ।

   २. नगर अपांग समन्वय समितिको सदस्यमा कार्यपालिका सदस्य श्री शिरबिन्दु थारु लाई मनोनयन गर्ने ।

निर्णय प्रमाणित

३. न्यायिक समिति तथा नगर उपप्रमुखको कार्यकक्षमा सरसफाइ तथा अन्य कार्य गर्नको लागि एक जना कार्यालय सहयोगीको आवश्यकता देखिएकोले २०७९ श्रावण १ गते देखि नै लागु हुने गरी मनिषा रेग्मीलाई कार्यालय सहयोगी पदमा कामकाज गराइएकोमा अनुमोदन गर्ने ।

४. गत वर्ष फारम भर्न छुटेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुलाई फारम भर्नको लागि सूचना प्रकाशित भएको हुँदा सूचनाको म्याद भित्र छुटेका त्यस्ता व्यक्तिहरुको फारम भर्न लगाई सिफारिस साथ नगरपालिकामा पेश गर्न लगाउने

५. कपिलवस्तु अस्पतालको इमर्जेन्सी वार्डमा १ थान र कपिलवस्तु बचत तथा ऋण सहकारी संस्था लिम्टेडमा १ थान डेढ टनको ए.सी. व्यस्थापन गर्ने र सोको बजेट व्यवस्थापन आगामी नगरसभामा गर्ने।

६. सबै वडा कार्यालयहरुको स्वच्छ खानेपानीको व्यवस्थापन गर्न वास शिर्षकबाट आरो फिल्टर मेशिन उपलब्ध गराउने ।

७. तराइ मधेश सम्बृद्धि कार्यक्रम अन्तर्गत ठेक्का बन्दोवस्त भइ २०७८/१२/३० सम्म सम्पन्न गर्नु पर्ने मिति भएकोमा २०७९ असार मसान्त सम्म पनि कार्य सम्पन्न गर्न नसकेको र उक्त शिर्षकको बजेट स्वतः फ्रिज हुने हुदा निज ऋद्धिसिद्धि कन्सट्रक्सन रामग्राम – ८ नवलपरासी ठेक्का नं. (KM/NCB/RD/078/079-06) लाई सम्झौता हुदाको बखतको शर्त बमोजिम कारवाही प्रक्रिया अगाडी बढाउने ।

८. आ.व. २०७७/०७८ मा सम्झौता भई २०७८ असार मसान्त सम्ममा योजना सम्पन्न गर्नु पर्ने तपसिलका निर्माण व्यवसायीका म्याद थप पनि नभएको र तोकिएको अवधीमा निर्माण सम्पन्न पनि नभएको हुदा निजहरुसँग सम्झौता हुदाको बखतको शर्त बमोजिम कारवाही प्रक्रिया अगाडी बढाउने ।

**<u>तपसिल</u>**

| क्र.सं. | ठेक्का नं. | निर्माण व्यवसायीको नाम |
|---|---|---|
| १ | KM/RD/077/078-07 | श्री शाही पोखेल कन्सट्रक्सन बुद्धभूमि १ कपिलवस्तु |
| २ | KM/RD/077/078-61 | श्री गम्मा निर्माण सेवा क.व.न.पा. २, कपिलवस्तु |
| ३ | KM/RD/077/078-80 | श्री जे.के. कन्सट्रक्सन मायादेवी गा.पा. ५, सेमरहना रुपन्देही |

निर्णय प्रमाणित
२०७९।४।२२
प्रमुख प्रशासकीय अधिकृत